स्थानीय 'ख' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ५, अंक ३२, २०७९ चैत्र ७ मंगलवार (Jhuleni Post Weekly 21 Macrh. 2023) पृष्ट ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, बिजुवार
Email :
jhulenipyuthan@gmail.com

## प्रधानमन्त्रीले पाए विश्वासको मत

**झुलेनी पोष्ट,**
**प्यूठान**



प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतिनिधि सभाबाट दोस्रो पटक विश्वासको मत प्राप्त गरेका छन्। प्रतिनिधि सभाको सोमबार बसेको बैठकबाट उनले झन्डै दुई तिहाइ सांसदको समर्थन प्राप्त गरेका हुन्। बैठकमा विश्वासको मतमा मतदान गर्ने कुल सांसद संख्या २६२ थियो। तीमध्ये विश्वासको मतको पक्षमा १७२ र विपक्षमा ८९ मत परेको थियो भने तटस्थमा एक मत खसेको थियो। कुल २७५ सांसदमध्ये हाल कायम रहेका २७२ जनाको बहुमत प्राप्त गर्न १३७ मत आवश्यक थियो। जसबाट दाहालले प्राप्त गरेको मत कुल सांसदको झन्डै दुई तिहाइ हुन आउँछ।

विश्वासको मतको पक्षमा नेपाली कांग्रेसबाट ८८, नेकपा माओवादी केन्द्रबाट ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट १९, जनता समाजवादी पार्टी (जसपा) बाट ११, नेकपा एकीकृत समाजवादी (नेकपा एस) बाट १०, जनमत पार्टीबाट ६, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट ४, नागरिक उन्मुक्ति पार्टी (नाउपा) बाट ४, राष्ट्रिय जनमोर्चा (राजमो) बाट १, आम जनता पार्टी (आजपा) बाट १, स्वतन्त्रबाट ३ गरी १७९ जनाको समर्थन रहेको भए पनि केही सांसद अनुपस्थित रहेकाले १७२ मत मात्र खसेको थियो। विश्वासको मतको विपक्षमा नेकपा एमालेबाट ७८ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट १४ गरी ९२ सांसद रहे पनि केही सांसदको अनुपस्थितका कारण ८९ मत मात्रै खसेको थियो। नेपाल मजदुर किसान पार्टी (नेमकिपा) भने तटस्थ बसेको थियो। गत पुस १० गते प्रधानमन्त्री बनेका दाहालले पुस २६ गते संविधानको धारा ७६ को उपधारा (४) बमोजिम विश्वासको मत लिएका थिए भने त्यसको दुई महिना १० दिनपछि दोस्रोपटक संविधानको धारा १०० को उपधारा २ बमोजिम विश्वासको मत लिएका हुन्। एमाले र राप्रपाले समर्थन फिर्ता लिएपछि एक महिनाभित्र विश्वासको मत लिनुपर्ने बाध्यकारी व्यवस्थाबमोजिम उनले विश्वासको मत लिएका हुन्। राप्रपाले गत फागुन १३ र एमालेले फागुन १५ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए। गत पुस २६ गते विश्वासको मत लिँदा दाहालले उपस्थित २७० सांसदमध्ये २६८ मत प्राप्त गरेका थिए। त्यतिबेला विपक्षमा २ मत र तटस्थमा शून्य मत परेको थियो। विपक्षमा राजमो र नेमकिपाले मात्र मतदान गरेका थिए। त्यतिबेला विश्वासको मत दिएको कांग्रेस सरकारमा नगई प्रतिपक्षमा बसेको थियो। कांग्रेसले पक्षमा मतदान गर्दा राष्ट्रपतिका लागि 'ढोक्सा' थापेको भन्दै एमाले अध्यक्ष केपी ओलीले आरोप लगाएका थिए। प्रधानमन्त्रीमा दाहालले विश्वासको मत पाएपछि समर्थन गर्ने दलका सांसदहरूले उनलाई बधाई दिएका थिए। नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री पुष्पकमल दाहालले अब विश्वासको मत लिने अवस्था नआउने बताए। यो सरकार पाँच वर्षसम्म चल्ने उनले बताए। अब यो गठबन्धन आउने पाँच वर्षसम्म टिक्छ, राजनीतिक स्थायित्व दिन्छ, देशलाई विकासको बाटोमा लिएर जान्छ। राष्ट्रका सबै चुनौतीको सामना गर्न गठबन्धन एकताबद्ध भई अघि बढ्ने बताए।

## झुलेनीको ट्याङ्किले मेटिएला माझकोटवासीको पानीको प्यास

**झुलेनी नेटवर्क**
**प्यूठान**



यहाँका स्थानीयले घरमै खानेपानीको धारो बनाउन वर्षौ कुर्नुपर्यो । सानैदेखि डोकोमा पानी बोकेर पिउनेपानीको प्यास मेटाएका यहाँका स्थानीयले सहज हुने भएको छ । लामो समयको प्रतिक्षापछि प्यूठान नगरपालिका ६, माझकोट स्थित झुलेनीमा ३ लाख ५० हजार लिटर पानी संकलन गर्ने गरि टंयाकी निर्माण भएको छ । प्रदेश सरकारको बजेटमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्यूठान मार्फत टेक्का भएर ट्याङ्की निर्माण भएको हो ।

लिफ्ट प्रविधि मार्फत पानी तानेर साविकको माझकोट गाविसका झण्डै पाँच सय घरधुरीलाई पानीको प्यास मेटाउने गरि माझकोट घाय झुलेनी लिफ्ट खानेपानी योजना निर्माणको काम अगाडि बढाईएको छ । माझकोटको झुलेनी र गुरुङ गाउँमा दुई स्किम बनाएर योजना निर्माण भइरहेको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्यूठानका ईन्जिनियर खगेन्द्र खत्रीले जानकारी दिए । १२ करोड लागत स्टिमेट रहेको योजना क्रमागत रुपमा बजेट आएर काम भइरहेको छ । यस वर्ष झुलेनीमा पावर नेपाल कन्सल्ट एण्ड कन्टक्सन प्राःलि काठमाडौले ठेक्का पारेर झुलेनीको ट्याङ्की निमाण पूरा भएको खत्रीले बताए । उपभोक्ता समिति मार्फत गत वर्ष घाय र गुरुङ गाउँमा एक/एक वटा लिफ्टिङ ट्याङ्की निमार्ण भइसकेका छन् ।

दुबै स्थानमा बिद्युत लाइन बिस्तार, बिच बिचमा साना ट्याङ्की निर्माण लगायतका काम बाँकी छन् । बर्सेनि थोरै/थोरै आउने बजेटका कारण योजना पूरा गर्न समस्या भइरहेको कार्यालयले जनाएको छ । पानीको सधै समस्या हुने डाँडामा बाक्लो बसोवास रहेको माझकोटमा निर्माण भइरहेको खानेपानी योजनाले माझको वासीको खानेपानीको प्यास मेटाउन आसा स्थानीयले गरेका छन् । 'माझकोटको सबै भन्दा अग्लो स्थान झुलेनीमा ट्याङ्कि बन्दै छ,' खानेपानी उपभोक्ता समितिका सचिब बालाराम के.सी.ले भने, 'यो योजनाले माझकोट वासीको पानीको प्यास मेटाउने आसा गरेका छौं ।' धैरै टाढाबाट पानी बोक्नुपर्ने समस्याले सबैभन्दा बढि विद्यार्थी र गृहिणीलाई हैरानी थियो ।

### हाम्रो नजर

## नक्सा पास बिना धमाधम भवन निर्माण



*प्यूठान नगरपालिकाले नगरक्षेत्र भित्र घर/भवन निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गनुपर्ने सूचना जारी गरेको दुई साता बढि भयो । तर, स्थानीयले प्यूठान नगरपालिकाको सूचनालाई नटेरि आफ्नौ ढंगले घर, भवन निर्माण गरिरहेका छन् । सूचना जारी भएपछि प्यूठान नगरपालिकाकै प्रमुख प्रशासकीय केन्द्र वरीपरी दर्जन बढि घरहरुको नक्सा पास विनै निर्माण भइरहेका छन् । नगरपालिकाले भवन ऐन २०५५ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार घर वा भवन निर्माण गर्दा नक्सा पास गराएर मात्र बनाउन भन्दै गत फागुन २६ गते सूचना जारी थियो । नगरपालिकाको सूचनालाई नजर अन्दाज गरेर घर वा भवन निर्माण गरेमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३९ बमोजीम कारबाही हुने भन्दै सूचना जारी गरेको थियो ।*

*घर बनाउँदा आर्किटेक इञ्जिनियरले नक्सा बनाएर मात्र पुग्दैन । त्यो नक्सा सम्बन्धित क्षेत्रको नगरपालिकामा लगेर पास गर्नु अनिवार्य छ । शहरी विकास मन्त्रालयले बनाएको भवन निर्माण मापदण्डमा आधारित भएर हरेक स्थानिय तहले आ-आफ्नो भौगोलिक, सांस्कृति, पर्यटकीय लगायत पक्षलाई आधार बनाएर आफ्नै भवन निर्माण सम्बन्धि मापदण्ड बनाएका हुन्छन् । हामीले त्यो मापदण्ड बमोजिमको नक्सा बनाएर स्थानीय तहबाट स्वीकृति लिनुपर्ने हुन्छ । नगरपालिकाको स्वीकृति विनै बनाएका घरहरु अवैधानिक हुने कानुन व्यवसायीहरु बताउँछन् । कानुनतः नक्सापास नगरी घर बनाउनै पाइँदैन । नक्सा पास नगरी बनाएको घरको नगरपालिकाले निर्माण सम्पन्न प्रमाणपत्र दिँदैन*

## नौबहिनीले दियो किसानलाई बोयर बोका



*नौबहिनी गाउँपालिका प्यूठानले बाखापालन समुहलाई बोयर बोका वितरण गरेको छ । पालिकाले चालु आर्थिक वर्षमा विनियोजित बजेट मार्फत ११ वटा बाखापालन समुहलाई अर्घाखाँचीबाट बोयर बोका खरिद गरेर वितरण गरेको हो । भुमेधारा कृषि तथा पशुपालन कृषक समुह नौबहिनी ६, पिनारा पशुपंक्षि कृषक समुह नौबहिनी २, लेकबेशि कृषि तथा पशुपालन कृषक समुह नौबहिनी ३, मात्रे कृषि तथा पशुपंक्षि कृषक समहु नौबहिनी ६, सुनौलो कृषि तथा पशुपंक्षि कृषक समुह नौबहिनी २, मिलीजुली कृषि तथा पशुपंक्षि कृषक समुह नौबहिनी ६, हित कृषि सहकारी संस्था नौबहिनी ८, घोबागें देविस्थान कृषि तथा पशुपालन कृषक समुह नौबहिनी ७, भेन्डा कृषि तथा पशुपालन कृषक समुह नौबहिनी ५, भुमेथान पशुपालन कृषक समुह नौबहिनी ५ र सूर्यचन्द्र कृषि तथा पशुपालन कृषक समुह नौबहिनी ५ लाइ बोका प्रदान गरिएको छ ।*

*व्याड बोका पाएपछि किसान उत्साहित भएका छन् । स्थानीय खरी र जमुनापारी जातका बाखामा बोयर क्रस गराएर उत्पादन बृद्धि गर्ने उदेश्यले ७५ प्रतिशत अनुदानमा व्याड बोका किसानलाई वितरण गर्ने कार्यक्रम बनाएको हो । बोयर क्रसबाट उत्पादन भएका पाठामा मासु बढि हुने र जन्मेका पाठीले उत्पादन बढाउने भएकाले ब्याडका लागि बोयर बोका बितरण गरिएको हो । पालिकाको तथ्यांक अनुसार नौबहिनीमा २८ वटा बाखापालन समुह दर्ता भएका छन् । समुहमा १५ देखि २५ जना सम्म सदस्य आवद्ध छन् ।*

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : १/०७९/०८०
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्युठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय....

## साइबर अपराधबाट जोगिन जागरुक बनौं

केहि वर्ष वर्षअघि सम्म विदेशमा भएका साइबर अपराधबारे हामी उदाहरण दिन्थ्यौं। आज त्यस्ता अनेक उदाहरण हाम्रै वरीपरि अनेक भेटिन्छन्। शिक्षक, डाक्टर, इन्जिनियर जस्ता साक्षर व्यक्तित्वहरु पनि साइबर ठगीको सिकार हुनपरेको छ ।

नेपाल प्रहरीको तथ्याङ्क अनुसार तीन वर्षअघि ७६ वटा मुद्दा दर्ता भएका थिए, त्यसपछिको आर्थिक वर्षमा १३२ वटा दर्ता भए। मासिक निवेदन २२ वटा देखि ६० वटासम्म पर्ने गरेको छ। साइबर अपराधको समस्या अन्तरदेशीय हुने र सञ्जालहरू देशबाहिर हुनु हाम्रा लागि ठूलो चुनौती बनेको छ। पछिल्लो समय विद्युतीय माध्यम सम्बद्ध साइबर ठगी ९ अनलाइन ठगी अत्यधिक बढेको अवस्था छ। वालेट, ओटीपीका समस्याहरू छन्।

३० सेकेन्डदेखि ३ मिनेटभित्रमा खाताको पैसा झिकिएका उदाहरण धेरै छन् अनुहार पुस्तीका ह्याक गरेर पैसा माग्ने गरेका दर्जनौ उदाहरण छन् । अनलाइन ठगीमा ५ हजारदेखि लाखौं रुपैयाँ खाताबाट चोरिएका सयौं घटना छन्। लट्री किनेकै छैन, लट्री पर्यो भनेर झुक्काउँदा मान्छे फसिरहेका छन् । समुदाय, कानुन कार्यान्वयनकारी निकाय, मिडिया सबै मिलेर मानिसहरूलाई डिजिटल साक्षर बनाउन प्रयासहरू गर्नुपर्छो साइबर अपराध भएमा नजिकको प्रहरी कार्यालयमा जान

# कमजोर बन्दै शिक्षा संकाय !



नगेन्द्रराज पौडेल

राष्ट्रिय शिक्षा आयोग, २०४९ ले गरेको सिफारिसनुसार विद्यालय तहमा शिक्षक हुनका लागि विद्यालयको तहनुसार शिक्षाशास्त्र संकायमा प्रमाणपत्र, स्नातक तथा स्नातकोत्तर गरेको हुनुपर्छ । यसका अतिरिक्त शिक्षक सेवा आयोगद्वारा सञ्चालन गरिने अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भई अध्यापन अनुमतिपत्रसमेत लिएको हुनुपर्ने व्यवस्था मौजुदा शिक्षा ऐन, नियमले गरेको छ । अध्यापन अनुमतिपत्रका लागि शिक्षाशास्त्र संकायबाट एड (सीएड,बीएड, एमएड) गरेको हुनुपर्ने र यो नभए अन्य संकायबाट उत्तीर्ण भएकाहरूका हकमा एकवर्षे बीएड अनिवार्य रूपमा गर्नैपर्ने व्यवस्था छ। यसको अर्थ शिक्षण सेवालाई विशुद्ध विशिष्टीकृत र प्राविधिक सेवाका रूपमा अँगालिएको प्रस्ट हुन्छ। यस प्रावधानले जोकोही व्यक्ति शिक्षण सेवामा उपयुक्त हुँदैनन् भन्ने पनि हो। यसैकारण शिक्षण सेवा अन्य सेवाका तुलनामा बढी स्तुत्य पनि छ।

यस प्रावधानले विश्वविद्यालय तहको शिक्षाशास्त्र संकाय शिक्षक उत्पादन गर्ने थलोका रूपमा चिनिन्छ । केही अपवादबाहेक यस संकायमा अध्ययन गर्न चाहनेहरूको भविष्य शिक्षण पेसासँग जोडिएको देखिन्छ। यसकारण पनि अन्य संकायका तुलनामा विद्यार्थी भर्ना र क्याम्पस संख्याका आधारमा ठूलो संकायमध्येमा शिक्षाशास्त्र संकाय पर्छ । तर, त्यहाँबाट उत्पादित अधिकांश विद्यार्थीले शिक्षक सेवा आयोगले लिने गरेको अध्यापन अनुमतिपत्रको परीक्षा उत्तीर्ण गरेर पनि शिक्षकको परीक्षा भने उत्तीर्ण गर्न नसकेको अवस्था छ।

हालै प्रकाशित शिक्षकको नतिजालाई हेर्दा माग संख्यानुसार परीक्षार्थी सफल भएका देखिँदैनन् । माग संख्याका आधारमा प्रतिस्पर्धा गर्दै प्राप्तांकको उच्चताका आधारमा माग संख्यानुसार उम्मेदवार छनोट गर्ने नीति हरेक आयोगले लिएको हुन्छ। यस नीतिनुसार उत्तीर्ण भएर पनि माग संख्याका आधारमा उच्चतम् अंक ल्याई प्रतिस्पर्धी हुन नसक्नेहरू सफल मानिदैनन् । तर, शिक्षक सेवा आयोगले लिएको स्थायी शिक्षकको परीक्षाफल हेर्दा यो अवस्था देखिँदैन। आवश्यक माग संख्यानुसारका उम्मेदवार नै उत्तीर्ण भएको पाइएन, प्रतिस्पर्धाको कुरो त धेरै टाढाको विषय भयो । न्यूनतम् अंकसमेत ल्याउन नसकी आवश्यक पदनुसार शिक्षक उपलब्ध गराउन नसक्नु हाम्रो शिक्षा प्रणाली र खासगरी योग्यतम् शिक्षक निकाल्ने संस्थाका रूपमा स्थापित विश्वविद्यालयअन्तर्गतको शिक्षा संकायको औचित्यमाथि नै प्रश्नचिह्न खडा भएको छ। यसबाट विश्वविद्यालयमा शिक्षाशास्त्र संकायको पठनपाठन, गुणस्तर र औचित्यमाथि पुनरावलोकन गर्नुपर्ने अवस्था देखिन्छ।

शिक्षक सेवा आयोगले यस वर्ष माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहका लागि १७ हजार ४ सय ५५ शिक्षकको माग गरेको थियो। खुला प्रतिस्पर्धाको परीक्षाबाट १३ हजार ४ सय ९४ शिक्षक मात्र स्थायी नियुक्तिका लागि छानिए। माग संख्यानुसार परीक्षार्थी सफल नहुँदा सामुदायिक विद्यालयमा ३ हजार ९ सय ६१ शिक्षकको दरबन्दी रिक्त रह्यो। काठमाडौं, ललितपुर र भक्तपुरबाहेकका जिल्लामा प्रावि र देशभरका लागि निमावि र मावि शिक्षक माग गरिएको थियो । माग संख्यानुसार शिक्षक उत्तीर्ण नभएपछि स्थायी शिक्षक अपुग भएका हुन् । आयोगका अनुसार प्राविमा १३ हजार २ सय ९७ शिक्षक माग गरिएकामा परीक्षामा १० हजार ३ सय ५३ मात्र सफल भएकाले २ हजार ९ सय ४४ प्रावि शिक्षक अपुग छ। निमावि र माविमा पनि रिक्त दरबन्दी पूर्ति हुनेगरी परीक्षार्थी सफल हुन सकेनन्। निमाविमा २ हजार ६ सय ६ माग गरिएकामा १ हजार ९ सय ५९ मात्र खुला प्रतिस्पर्धाबाट योग्य ठहरिए। निमाविमा ६ सय ४७ शिक्षक खाली नै रह्यो। माविका लागि १ हजार ५ सय ५२ शिक्षक माग गर्दा १ हजार १ सय ८२ जना मात्रै प्रतिस्पर्धाबाट योग्य भेटिए, ३ सय ७० कोटामा नियुक्ति हुन सकेन।

### समस्या उस्तै

वर्षौंदेखि विद्यालयमा अस्थायी, करार, राहत वा यस्तैयस्तै गरी १८ प्रकृतिका शिक्षक कार्यरत छन् । कतिपय शिक्षक त यसरी अस्थायी रूपमा नै काम गर्दा उमेर हदका कारण अवकाश लिएका पनि छन्। शिक्षकहरू लामो समयसम्म अस्थायी रूपमा कार्यरत रहँदा उनीहरूको मनोबल गिर्न गई स्तरीय पठनपाठनमा प्रभाव पर्नजाने हुँदा स्थायी गरिनुपर्ने माग एकातिर उठिरहेको छ भने अर्कातिर यसरी आयोगले लिने स्थायी प्रतियोगितामात्मक परीक्षामा लिखितमा नै असफल भएको अवस्था छ। परस्पर विरोधको यस अवस्था विद्यमान रहँदासम्म विद्यालय तहको पठनपाठन मात्र होइन शैक्षिक उपलब्धिको गुणस्तरीयतामा समेत प्रतिकूल प्रभाव पर्न जाने देखिन्छ।

एकातिर आज पनि बजारमा बेरोजगारहरूको लामो चाङ छ। अवसरको अभावमा लाखौं युवा खाडीमा हामफाल्न बाध्य छन् । अर्कातिर प्राप्त अवसरलाई पनि सदुपयोग गर्न नसकी गुमाउनुपरेको स्थिति छ। रिक्त पदमा माविमा ३७ हजार, निमाविमा ७७ हजार र प्राविमा एक लाखभन्दा बढीले रोजगारीका लागि आवेदन दिएका थिए । आवेदन दिने संख्या पर्याप्त भए पनि न्यूनतम् अंक ल्याई उत्तीर्ण हुनसक्ने जनशक्ति बजारमा अभाव देखियो। निमाविमा गणित, विज्ञान, अंग्रेजी, सामाजिकलगायतका विषयमा धेरै असफल भएका छन् । यसअघिका शिक्षकका परीक्षामा पनि गणित, विज्ञान विषयमा शिक्षक अपुग हुने गरेको थियो। आगामी वर्ष पनि प्रावि, निमावि र मावि तहमा शिक्षक पूर्ति गर्न आयोगमा विवरण पठाइएको छ । प्राविमा ३ हजार १ सय ८६, निमाविमा १ हजार १ सय ६७ र माविमा ७ सय १८ शिक्षकको माग गर्ने तयारी छ। तर, यस वर्ष नै माग संख्यानुसार योग्य र क्षमतावान् शिक्षक नभेटिएकाले सबै शिक्षकको पदपूर्ति आगामी दिनमा पनि हुन्छ भन्ने छैन । प्राथमिक तहमा नै शिक्षक अपुग हुनु डरलाग्दो विषय हो । यस'दयगतमा आमरूपमा समीक्षा गर्नु जरुरी छ । जबसम्म विद्यालयको शिक्षा राम्रो हुन सक्दैन, तबसम्म उच्च शिक्षामा सुधार सम्भव छैन । विद्यालय शिक्षाका लागि जनशक्ति उत्पादन गर्ने शिक्षा संकायको उत्पादन किन यति कमजोर ? यसको उत्तर खोज्नैपर्छ।

### भनसुन संस्कृति

आज पनि विश्वविद्यालयमा भनसुन र शक्तिका आधारमा आंशिक शिक्षकमा प्रवेश गर्ने चलन छ। निजामतीमा जस्तो सेवा आयोग उत्तीर्ण गरेर मात्र सेवामा प्रवेश गर्ने चलन त्यहाँ छैन । आंशिकमा प्रवेश पाएपछि आन्दोलन, हडताल वा शक्ति प्रदर्शन गरेर करारमा नियुक्ति हुने र करारमध्येबाटै दरबन्दी सिर्जना गरी आन्तरिक प्रतिस्पर्धाका नाममा जति व्यक्ति, उति माग संख्याका आधारमा प्रतियोगिताको नाटक मञ्चन गरी स्थायी गर्ने चलन आजपर्यन्त विश्वविद्यालयमा छ। यसले गर्दा विश्वविद्यालयको पठनपाठन र त्यहाँबाट उत्पादित जनशक्तिको क्षमता र गुणस्तरीयता कस्तो होला ? सहजै पूर्वानुमान गर्न सकिन्छ । त्यसैको एउटा उदाहरण शिक्षक सेवा आयोगको पछिल्लो नतिजा हो । देशभरका सामुदायिक विद्यालयमा गणित, विज्ञान र अंग्रेजी विषयका शिक्षकको सबैभन्दा बढी अभाव छ । २०७५ सालमा गरिएको अध्ययनमा ७१ वटा माविमा मात्रै यी विषयमा दरबन्दीका शिक्षक रहेका पाइएको थियो। आयोगले रिक्त दरबन्दी पूर्तिका लागि परीक्षा लिँदासमेत यी विषयमा शिक्षक अपुग भएको छ। शिक्षण लाइसेन्स प्राप्त गरिसकेकाको संख्या भने ७ लाखभन्दा बढी छ।

### परीक्षा र व्यवहारबीच तालमेल

शिक्षकका लागि मात्र होइन हरेक पद र ती पदले गर्ने कामको प्रकृति र हाम्रो परीक्षा पद्धतिबीचको संगति पटक्कै मिलेको देखिँदैन। रातदिन कण्ठाग्र गरेर शाखा अधिकृत उत्तीर्ण हुनेहरू जब सेवाप्रदायकको कुर्सीमा बस्छन्, तब उनीहरूको पढाइ र काम गर्ने प्रकृतिबीच तादात्म्यता देखिँदैन । कक्षाको शैक्षिक सत्रान्तमा स्वयं विद्यार्थीहरू घोकेर उत्तीर्ण हुन्छन्। अर्को कक्षा वा अर्को सन्दर्भमा त्यो घोकाइ सम्झिरहन आवश्यक हुँदैन। आज पनि कतिपय पदका व्यक्तिलाई उनीहरूले विगतमा उच्चतम् अंक ल्याएको विषय वा पदमा पुनः परीक्षा दिन लगाउने हो भने अधिकांशले उत्तीर्णांक ल्याउन सक्दैनन् । यो दोष पात्रको नभएर पद्धतिको हो।

यसो त ३ सय ६४ दिन पढेको कुरा ३ घण्टामा ओकल्न सक्नुपर्ने नओकलेमा उसको एकवर्षे मिहिनेत खेरजाने हाम्रो परीक्षा पद्धतिले सिकाएको कुरा आज पनि यथावत छ । यसरी वर्षदिनभरिको सिकाइ ओकल्न मिति तय भएको ३ घण्टा कुनै पनि परीक्षार्थी बिरामी हुन नपाउने, पढेको कुरा बिर्सन नपाउने र यसका लागि अघिल्लो रात टुप्पी कसेर पढ्नुपर्ने बाध्यता हाम्रा परीक्षार्थीलाई आजपर्यन्त छ। यो ३ घण्टापछि भने उसले सिकेको सबै कुरा बिर्से पनि हुने सहुलियत छ। अर्थात् भावी जीवनसँग कमै मात्र उपयोगमा आउने विषयवस्तुको प्रधान्यताले गर्दा हाम्रो सिकाइको स्तर क्रमशः घट्दो छ । यसरी हेर्दा ती असफल शिक्षकहरू पनि परीक्षामा घोक्न नसकेका हुन सक्छन् ।

*राजधानी दैनिकबाट साभार ।*

# जीवनोपयोगी शिक्षण बिधि नै शिक्षाको आधार हो



खुम बहादुर थापा

आजका दिनमा जताततै गुणस्तरीय शिक्षा भएन भन्ने गुनासो सुन्न पाइन्छ। गुणस्तरीय शिक्षा भनेको के हो ? कस्तो शिक्षालाई गुणस्तरीय शिक्षा भन्ने ? शिक्षाको दार्शनिक सामाजिक आधारमा यसका अर्थहरु फरक फरक होलान् तर हामीलाई कस्तो शिक्षा चाहिएको हो र के गर्न सकियो भने हाम्रा नानी बाबुहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्लान् ? सामाजिक आर्थिक सुधारमा सहयोग गर्न सक्ने शिक्षा , जिपनोपयोगी शिक्षा , बालबालिकाहरुको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन सक्ने शिक्षा । यही त हो गुणस्तरीय शिक्षा । यही भएन भनेर हामी बहस गरिरहेका छौं आजका दिनमा । कतै-कतै भएको पनि देखिन्छ। कतै नभएको पनि देखिन्छ । आम शिक्षामा यो हुनु पर्ने हो । सबै बालबालिकाहरुले गुणस्तरीय शिक्षा पाउनु पर्ने हो । त्यही भएन जो हुनु पर्ने हो । यसकालागि को दोसी हो ? सरकार, शिक्षक, अभिभावक ?

गुणस्तरीय शिक्षाको वहसलाई ब्यबहारमा कसरी उतार्ने ? जिम्मेवारी कस्ले लिने ? सरकार, शिक्षक, अभिभावक,। सरकारले निति बनाउने । शिक्षकले सिकाउने । अभिभावकहरुले बिद्यालयको ब्यबस्थापकीय जिम्मेवारी हस्तान्तरण गर्न ब्यबस्थापन समिति गठन गरिदिने । आफ्ना बालबालिकाहरुलाई कापी कलम लुगाफाटो खानपान ब्यबस्था मिलाई बिद्यालय पठाउने। आफ्ना बालबालिकाहरु असामाजिक र अमर्यादित काम कुरामा बहकियलान् कि भनेर चनाखो रहने। यी तीनै कुराको तारतम्य नमिल्नाले हाम्रो शिक्षाले आम बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा दिन सकेन । मेरो आफ्नो अनुभव र भोगाईमा घरेलु हिंसक अभिभावकहरु बाहेक अरु अभिभावकहरुको कुनै पनि दोषभेटाउन सकिन । सरकारको शिक्षा नीति अत्यन्तै गरिव परिवारकालागि केही बोलेको पाइन । बिद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरुमा बिद्यालय ब्यबस्थापन सम्वन्धि ज्ञानको कमी छं । त्यसको दोष प्रधानाध्यापकले लिनु पर्दछ किनभने बिद्यालय ब्यबस्थापन समितिको सदस्य सचिव उनी नै हुन् । बिद्यालयमा के कस्ता कार्यहरु गर्नाले बालबालिकाहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्छन् भन्ने बिषयका जानकार प्रधानाध्यापक नै हुन्। प्रधानाध्यापकले बिद्यालयको समग्र सुधारमा बिद्यालय ब्यबस्थापन समितिलाई हिंडाउन सकेनन् । राजनीतिको पनि प्रभाव पर्न गयो । राजनीतिको गर्नु बिकास र समग्र सुधारका लागि हो भन्ने बुझाई भएन ।

राजनीतिका नाममा प्रपञ्च रचना गर्न मात्र जानियो। बिद्यालयमा कक्षागत शिक्षक दरवन्दि सरकारले दिन नसक्नु ठूलो दोष हो। कक्षाकोठाको सबै जिम्मेवारी बहन गर्ने जिम्मा लिएका शिक्षकहरुको दोष पनि उत्तिकै जिम्मेवार छ र त्यो दोषको घनत्व सरकार, अभिभावक र ब्यबस्थापनको दोष भन्दा पनि वजनदार छ । गुणस्तरीय शिक्षा प्राप्तीका लागि बालबालिकाहरु निर्दोष छन्। बालबालिकाहरुलाई शिक्षकहरुले ज्ञानको भोक जगाउन सकेनन् । बालबालिकाहरु हुर्कंदै जाँदा उनीहरुले प्राप्त गर्ने ज्ञानका क्षेत्रहरु फराकिलो हुँदै जानु पर्ने गरि निर्माण गरिएको पाठ्यक्रमका निर्धारित सिकाई उपलब्धिहरु पुर्णरुपमा हाँसिल गराउन शिक्षकहरुले सकेनन् । जस्काकारण बालबालिकाहरुको सिक्ने भोक सुस्त बन्यो। यो सिक्ने र सिकाउने भोक बालबिकास र प्राथमिक तहमै जाग्नु पर्ने हुन्छ। जगमै भोक जागेन । हुर्के बढेका बालबालिकाहरुमा सिक्ने भोक जगाउन सकिन्छ तर लामो प्रयास गर्नु पर्ने हुन्छ जुन प्रयासहरु शिक्षकको हातबाट उम्किसकेको हुन्छ । यो नै हाम्रो असफलता हो। असफलताको सृङ्खलामा शिक्षा सरोकारवालाहरु पनि क्रमश निरास बन्दै जान्छन् । उनीहरुको आत्मबिश्वास घट्दै जान्छ । गुणस्तरीय शिक्षाका लागि समाजका सबै अवयवहरु भौतारिनु सिवाय अरु बिकल्प हुन्न। बालबालिकाहरु साक्षर हुन्छन् । शिक्षाले उनीहरुको जीवनलाई जीबिकोपार्जनमा सहयोग गर्दैन। उनीहरुले जीबिकोपार्जनका लागि ज्ञान र बिज्ञानको उपयोग गर्न सक्दैनन् । यही होइन त हामी आम अभिभावक , बालबालिका र शिक्षकहरुको अवस्था ? यो हुन नसक्दा हामी वहसमा जोडिन थाल्यौ. कि गुणस्तरीय शिक्षा भएन। बहस गर्नु एउटा पक्ष हो तर उपलब्धिमुलक कार्य गर्न सक्नु अर्को पक्ष हो जस्लाई ठोस रुपमा मापन गर्न सकिन्छ।

बालबालिकाहरु हरेक वर्ष हुर्किरहेका हुन्छन् । उनीहरुको हुर्कने क्रम र गुणस्तर शिक्षाको तारतम्य मिल्नु पर्ने हो। यो तारतम्य मिलेन। भवन, कक्षाकोठा, बिज्ञान प्रयोगशाला, पुस्तकालय, शौचालय, घेराबार, सूचना प्रबिधि प्रयोगशाला, शैक्षिक सामाग्री केही पनि भएन त्यसैले हामीले भने जस्तो शिक्षण गर्न सकेनौं भन्ने शिक्षकहरुले पनि बिद्यालयमा जीवनोपयोगी शिक्षण गर्न सकेनन । जीवनोपयोगी शिक्षण गर्न ज्यादै सजिलो छ। ज्ञान र बिज्ञानका सुत्रहरुलाई ब्यबहारमा कसीलगाएर जीवनका भोगाईमा सादृष्य गर्दैप्रयोग गरेर , प्रयोग गर्न लगाएर गरिने शिक्षण प्रबिधि हो । यो प्रबिधिले शिक्षकहरुलाई सिक्ने र सिकाउनेका रुपमा मुल्यांकन गर्दछ । पुरानै ढर्रामा हिड्ने शिक्षकहरुबाट यो संभव छैन । पुराना ढर्राका शिक्षकहरुलाई सजिलो तरिकाबाट यो शिक्षण प्रबिधि हस्तान्तरण गर्न सक्नु पर्दछ । यो प्रबिधिको मुलमन्त्र भनेको म जान्दैन तर जान्नका लागि प्रयास गरिरहन्छु भन्ने हो। यो भावना शिक्षकहरुमा जगाउन मनोबिज्ञानका सुत्रहरु प्रयोग गर्नु पर्छ जस्ले शिक्षकहरुमा ज्ञानको भोक जागोस् । गुणस्तरीय शिक्षाका लागि समस्याका जरामा हामीहरुले काम गरेनौ। पीपलको चौपारीमा पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ। कुटी र झोपडीमा पनि सकिन्छ भन्ने मर्म बुझेनौं। बिद्यालयको भौतिकपुर्वाधार कुर्दा कुर्दै बालबालिकाहरु हुर्कंदै गए उनीहरुले शैक्षिक तह उपलब्धि बिहिन भएर पार गर्दै गए। शिक्षकहरुको जोस जाँगर मर्दै गयो। राज्यको शासन बदलियो। बिश्वमा बिज्ञान प्रबिधिले चमत्कार गर्दै गयो तर शिक्षाका मन्दिरहरुमा कुनै फरक देखिएन।

ब्यबस्थापन समितिका पदाधिकारीहरु, राजनेताहरु सबैले बिद्यालयको भौतिक पुर्वाधार बिकास गरेर शिक्षामा गुणस्तर कायम हुन्छ भन्ने मान्यता राखे । यो मान्यता सहायक हो आवस्यक पनि छ । प्रमुख कुरा शिक्षकको शिक्षण कला हो जस्ले ज्ञान ब्यबहार र सीपलाई बालबालिकाहरुमा सजिलै गुणकारी बनाएर हस्तान्तरण गर्न सक्छ। बिद्यालयको भौतिक पुर्वाधारको जोरजाम गर्न हामीहरुले कम्मर कस्यौं र कसीरहेका छौं ।कम्मर कसीरऱ्यो । कसेको कस्यै छ। तर बिद्यालयहरु कहिल्यै पुगीसरी भएनन् । सरकारले यसो गरे हुन्छ कि उसो गरे हुन्छ भन्दै बिभिन्न योजनाहरु बनाउदै आयो । कहिले प्राथमिक शिक्षा परियोजना ल्यायो। कहिले बिद्यालय क्षेत्र सुधार योजना त कहिले बिद्यालय सुधार योजना तर जे हुनु पर्ने हो त्यो भएन केही आंसिक सफलता बाहेक केही प्राप्त भएन। जे हुनु पर्ने हो त्यो कस्तुरीको बास्नादार बिना शिक्षकहरुमा छ भन्ने कसैले जान्न र खोज्न सकेन। आफूसँग भएको बास्नादार कस्तुरीको बिना शिक्षकहरुले पनि चाल पाउन सकेनन् । यो चाल नपाउने क्रम २०४६ सालको परिवर्तन पछि बिकशित भयो भन्ने मेरो अनुभव रहेको छ । यो चालनपाउने क्रम किन बढ्दै गयो खोजको बिषय बनेको छ।

बिद्यालयको भौतिक सुधार र हाम्रा नानीबाबुहरुको हुर्कदो क्रममा सामिप्यता ल्याउन सकेनौ । भौतिक सुधार होला र राम्रो गरि सीकाउँला भन्दै हाम्रा शिक्षकहरुका दिनहरु बित्दै गए।शिक्षकहरुको यो पर्खाइमा टाठा बाठा अभिभावकहरुले आफ्ना नानीबाबुहरुको सुन्दर भविष्य देखेनन्। चुप्प लागेर उनीहरुले आफ्ना नानीबाबुहरुलाई निजी बिद्यालयमा भर्ना गर्न थाले , सुगाको रटाई गराएर भए पनि राम्रो अंकमा नानीबाबुहरुलाई उतिर्ण गराए । सुगारटाई न हुनु भन्दा राम्रो भयो उनीहरुलाई तर बालबालिकाहरुमा रहेको अन्तरनिहित प्रतिभाको प्रस्फुटन हुन सकेन । हाम्रो लोकसेवा र प्राबिधिक शिक्षाकालागि हुने परिक्षा सुगारटाइमा आधारित भएकाले उनीहरुलाई राम्रो भयो। उनीहरुको राम्रो देखेपछि सुस्तरी सबै लहलहैमा लाग्दै गए । सबै मानिसलाई त नभनौ प्रायः मानिसहरुकोस्वभाव लहलहैमा लाग्ने खालको हुन्छ।

बिद्यालयको भौतिक अवस्था राम्रो भएपछि राम्रो तरिकाले बालबालिकाहरुलाई सिकाउँला भन्दै गर्दा बालबालिकाहरुको हुर्कदो क्रमले शिक्षकहरु र अभिभावकहरुलाई छोड्दै गए । कति भूरे , कति पछारिए , कतिले जीवनलाई सार्थक बनाए तर धेरैले जीवनलाई साक्षरभन्दा बढि बनाउन सकेनन् । नानीबाबुहरुको हुर्काइ भूराई र सार्थकजीवनसँग उनीहरुकोशिक्षकहरुको साइनो गाँसिएन। शिक्षकहरु दालभात र डुकुमा सिमित हुँदै आत्मबिश्वास गिराउँदै , निजी बिद्यालयहरुमा आफ्ना नानीबाबुहरुलाई भर्ना गरि उज्यालो भविष्यको कल्पनामा रमाउन थाल्यो । उसले आफ्ना जस्तै अरुका नानीबाबुको भविष्य उज्यालो बनाइदिन खोजेन । सरकारी बिद्यालयमा हुर्कंदै भूरेको र सरकारी जागिरे बनेको कर्मचारी, क्रान्तीमा जीवन आहुती गर्छु भन्ने नेताजी र हुने खानेहरुलाई सरकारी बिद्यालयमा बिश्वास भएन ।

सबै भौंतारिदै निजी बिद्यालय मा पुगे , त्यहीं उनीहरुले आफ्ना सन्तानको भविष्य देखे । गुणस्तरीय शिक्षाका बारेमा बहस गर्न उनीहरु नै लागि परेका छन् जस्का नानीबाबुहरु निजी बिद्यालयमा पढ्छन् । सरकारी बिद्यालयमा पढाउनेहरु अन्जान छन् । उनीहरु चुप्प छन् र शान्त छन्। उनीहरुलाई भविष्यको कुनै चिन्ता छैन। उनीहरुको चिन्ताबिहिनतामा शिक्षाका धेरै योजनाहरु बने । परिणाम सुन्य मात्र हात लाग्यो । उनीहरुको चिन्ताबिहिनतामा शिक्षक गुरुले जीपनोपयोगी शिक्षण गरेर मात्र मल्हम लगाउन सकिन्थ्यो । त्यो भएन । ती शान्त अभिभावकहरुमा उनका बालबालिकाहरुको सुन्दर भविष्यको हुटहुटी जगाउन सकिन्थ्यो । अभिभावकहरु ठिक भएनन् भनेर आफ्ना दोषहरु लुकाइऱ्यौं । सरकारका निती र बिद्यालयको भौतिक अवस्थामा खोंट देखाउँदै आफ्नो शिक्षण क्षमतामा निखारपन शिक्षकहरुले ल्याउने प्रयास गरेनन् ।

हाम्रा शिक्षकहरु शिक्षाशास्त्रका बिज्ञ छन् । उनीहरुसँग शिक्षण गर्ने भरिपुर क्षमता छ त्यो क्षमता किन लुकेको छ ? त्यसलाई किन उनीहरुले बाहिर ल्याउन सकेनन् ? यसतर्फ सरोकारवालाहरुको ध्यानै गएन । शिक्षकहरुमा भएको अपार क्षमता बरालियो त्यसको खोजी हुनु जरुरी छ । पीपलको बोटमुनी, चौपारीमा पनि कलात्मक तरिकाले शिक्षण गर्न सकिन्छ। बासको टहरोमा पनि सकिन्छ। खोलाका तिरमा पनि , जंगलमा पनि । शिक्षण कला हो र यो बिज्ञान पनि हो। यो कला र बिज्ञानको प्रयोग शिक्षकहरुले नगरेसम्म गुणस्तरीय शिक्षा हाम्रालागि कल्पना र बहसको बिषयमात्र बन्ने छ । गुणस्तरीय शिक्षाकालागि पहिलो सर्त शिक्षण कला त्यसपछि अरु भन्ने मान्यता सर्बप्रथम शिक्षकहरुले स्वीकार्नु पर्दछ । कक्षाकोठा र बालबालिकाहरुको मालिक हाम्रा शिक्षकहरु हुन् ।

हाम्रो नेपालको सन्दर्भमा शिक्षाका कुरा गर्दा नाम चलेका केही औंलामा गन्न सकिने निजी तथा सरकारी बिद्यालयहरु बाहेक अधिकांश बिद्यालयहरुमा गुणस्तरीय शिक्षा छैन। यो अवस्था बालबिकास देखि उच्चशिक्षा सम्म देख्न पाइन्छ । शिक्षकहरुले बालबालिकाहरुको अन्तरनिहित प्रतिभालाई प्रस्फूटन गराउने सृजनात्मक शिक्षण गर्न सकेनन् । उनीहरु सृजनशिल नै भएनन् । फगत कक्षाकोठामा आउने र कराउने मात्र भए। उनीहरु भकभके शिक्षक भए। प्रयोग गर्ने र नतिजा देखाउने। प्राप्त नतिजाहरुलाई जीवनोपयोगी शिपमा उपयोग गर्ने तरिका शिक्षकहरुले बालबालिकाहरुमा हस्तान्तण गर्न सकेनन्। आजको चुरो समस्या यही हो।

आजको प्रतिस्पर्धात्मक बिश्वमा पञ्चायतकालको भन्दापनि भकभके शिक्षाले हाम्रा भविष्य कस्तो होला अनुमान सहजै गर्न सकिन्छ । हरेक बिद्यालयका कक्षा कोठामा भैरहेको शिक्षण प्रकृयालाई अवलोकन गर्दा प्रष्टै भै हाल्छ कि बालबालिकाहरुले बिषय बस्तु बुझेका छैनन् । यसमा मेरो भर्खरैको तितो अनुभव छ। बिद्यालयको नाम नभनौं कक्षा ८ मा अध्ययनरत बालबालिकाहरुलाई त्रिभुजका ३ वटा भित्रीकोणहरुको योगफल , सीधारेखाको कोण, भिन्न दशमलव र प्रतिशतको अवधारणा बारे सामान्य ज्ञान पनि नभएको पाएँ । उनीहरुको सिकाइ स्तर कक्षा ४ को जत्ति पनि छैन। नेपाली अक्षरहरुको बान्की सरकारी बिद्यालयका सबै बालबालिकाहरुको एउटै छ । राम्रा बान्की परेका अक्षरहरु कसैले पनि लेख्न सक्दैनन् । यो दोष कस्को ? अभिभावक , बालबालिका , शिक्षक कि सरकार ? कक्षाकोठाको भकभके शिक्षणकला नै गुणस्तरीय शिक्षाको बाधक हो । पाठ्यक्रमले तोकेका बिषयगत शैक्षिक उपलब्धि सो संग सम्वन्धित शैक्षिक सामाग्री र शिक्षण प्रकृयाका बारेमा शिक्षाशास्त्रमा स्नातकोत्तर गरेका , स्नातक गरेका शिक्षकहरु अन्जान हुनुको रहस्य के छ ? मेरो बिचारमा शिक्षकहरु स्वअध्ययन गर्दैनन् । स्वअध्ययन नगर्ने, शिक्षण योजना नबनाउने र तयारी बिना कक्षाकोठामा प्रवेश गर्ने अनजान शिक्षकबाट गुणस्तरीय शिक्षाको आसा गर्नु आकाशको फल आँखा तरि मर जस्तै हो। तयारी बिनाको भकभके शिक्षणले बालबालिकामा ज्ञान बिज्ञानको धारणहरु प्रयोग्यात्मक सिपमा हस्तान्तरण हुन सक्दैनन् । एकातर्फ शिक्षकहरुको घाँटी कराएर सुकेको छ,, अर्कोतर्फ बालबालिकाले ज्ञानको बोध गर्न सकेको छैन । ज्ञानको बोध गरि ज्ञानलाई सीपमा रुपान्तरण गर्न नसकिएको शिक्षालाई कसरी गुणस्तरीय शिक्षा भन्ने ?शिक्षाशास्त्रका दार्शनिक आँखाले अवलोकन गर्ने हो भने बिद्यालयहरुका कक्षाकोठामा बिजोग मात्र देख्न सकिन्छ।

शिक्षक लाचार हुँदै भन्छ , शिक्षाशास्त्रका दर्शनहरु मैले जानेको छु तर म कक्षाकोठामा यो लागु गर्न सक्दैन । सरकारले शैक्षिक सामाग्री दिन्छ। तालिम दिन्छु । राम्रो कक्षा कोठा दिन्छ। ल्यापटप कम्प्युटर दिन्छ। शिक्षक निर्देशिका दिन्छ। पुस्तकालय दिन्छ । बिज्ञान प्रयोगशाला दिन्छ। सबै दिंदापनि शिक्षक लाचार हुँदै भन्छ म कक्षाकोठामा शिक्षाशास्त्रका दर्शनहरु प्रयोग गर्न सक्दैन। उसले गुनासो गर्छ , मैले ७ पिरियड पढाउनु परेको छ। कक्षामा धेरै बिद्यार्थी छन् । बिद्यार्थी अनुशासनहिन छन्। अभिभावकमा बिद्यालय प्रति चासो छैन । प्रधानाध्यापक असल छैन । हाम्रो स्टाफमा मेल छैन । बिद्यालयमा राजनीति हुन्छ ।

शिक्षकले समस्याहरु ओकल्छ तर समाधान देख्दैन। शिक्षकले ओकल्ने समस्याहको थुप्रोमा सरकार, बालबालिकाहरु र अभिभावकहरु पुरिएका छन् । जहाँ समस्या त्यहाँ समाधान भन्ने कुरा किन बिद्यालयहरुमा लागु हुन्न ? के बिद्यालय भनेको समस्याहरुको थुप्रो हो ?समस्याहरुलाई समाधान गर्ने सृजना होइन ?शिक्षकहरुको सृजनात्मक कर्ममा नै गुणस्तरीय शिक्षा संभव छ । अरु सबै सहायक पक्ष हुन् ।

सरकारी बिद्यालयहरुको आँगनबाट बाहिर बसेर गुणस्तरीय शिक्षाको बहस गर्नुको कुनै अर्थ छैन । सरकारी बिद्यालयहरुमा शैक्षिक सुधार गरि गुणस्तर बृद्धि गर्न मन बचन र कर्मले जुटौं । यो संभव छ। सृजनात्मकता रचनात्मकता र ज्ञान र बिज्ञानका अवधारणाहरुलाई जीवनोपयोगी बनाउनु नै गुणस्तरीय शिक्षा हो । हाम्रा स्थानीय सरकारहरु गुणस्तरीय शिक्षाका लागि सफल बन्दै जाऊन् शुभकामना । (स्तम्भकार खुम बहादुर थापा क्षेत्री, निवृत शिक्षक तथा शैक्षिक सुधार योजना सुझाव कार्यदल गौमुखी गाउँपालिका र प्यूठान न.पा.का बिज्ञ सदस्य हुन् । )

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**ऐरावती गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय, बरौंला प्यूठान




## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**स्वर्गद्वारी नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान


## रोचक प्रसङ्ग

# पुरुष बनाउने जीन समाप्त हुँदै, संसारमा महिला मात्रै अस्तित्वमा रहनसक्ने !



मानव र अन्य स्तनधारी प्राणीहरूको लिंग वाई क्रोमोजोममा निर्भर रहन्छ। कुनै पनि व्यक्तिको लिंगको निर्धारण क्रोमोजममा निर्भर रहन्छ । प्रोसिडिङ्स अफ द नेशनल एकेडेमी अफ साइन्समा प्रकाशित अनुसन्धानका अनुसार पुरुषमा वाई क्रोमोजोम बिस्तारै हराउँदै गएको छ । यसको स्थानमा नयाँ लिंग जीन विकास भएन भने पुरुष संसारबाट लोप हुने वैज्ञानिकहरुको अनुमान रहेको छ ।

**वाई क्रोमोजोमले बच्चाको लिंग निर्धारण गर्छ**

मानिस र अन्य स्तनधारीको कुरा गर्दा स्त्री जातिसँग दुईवटा एक्स क्रोमोजोम हुन्छन् । तर, पुरुषमा भने एक्स क्रोमोजोमसँगै सानो वाई क्रोमोजोम पनि हुन्छ। एक्स क्रोमोजोममा ९ सय वटा जीनहरू हुन्छन्। लिंग निर्धारणसँग यसका कुनै सरोकार राख्दैन ।

